**मधेश प्रदेश सरकार**

गृह,सञ्चार तथा कानुन मन्त्रालय

# मिडिया काउन्सिल

**जनकपुरधाम, धनुषा, नेपाल**

मिति : २०८३/०३/३१ गते

## प्रेस विज्ञप्ति

मिडिया काउन्सिल, मधेश प्रदेशद्वारा मिति २०८३/०३/२९ गते सोमबार महोत्तरीको बर्दिवासमा आयोजित **आचारसंहिताको प्रभावकारी कार्यान्वयन तथा पालनाका लागि नेपाल पत्रकार महासंघका प्रमुख तथा प्रतिनिधिहरूसँग छलफल एवं अन्तरक्रिया कार्यक्रम**सँग जोडिएर आर्थिक कार्यविधि परिपालना नभएको अर्थ दिने केही सञ्चारमाध्यममा प्रकाशित समाचारप्रति मिडिया काउन्सिल, मधेश प्रदेशको गम्भीर ध्यानाकृष्ट भएको छ। सो समाचार गलत, भ्रामक र तथ्यहीन रहेको प्रष्ट्याउँदछौं।

उक्त कार्यक्रम आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २ (ङ),दफा २४ (५) तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को दफा ४७, प्रदेश खर्चको मापदण्ड निर्देशिका २०८० लगायतका कानूनी प्रावधान अनुसार नै विधिसम्मत रूपमा सम्पन्न गरिएको व्योहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ।

तथ्य पुष्टि नगरी भ्रम सिर्जना गर्ने उद्देश्यले समाचार प्रकाशन वा प्रसारण गर्नु जिम्मेवार पत्रकारिताको मूल मर्म तथा पत्रकार आचारसंहिताविपरीत हुने भएकाले सम्बन्धित सञ्चारमाध्यमलाई यथार्थ तथ्यका आधारमा समाचार सम्प्रेषण गर्न अनुरोध गर्दछौं।

साथै, यस विषयमा कुनै पनि व्यक्ति वा संस्थालाई थप जानकारी आवश्यक परेमा यस कार्यालयबाट आवश्यक सूचना प्राप्त गर्न सकिने समेत सबैमा अनुरोध गरिन्छ।

मिडिया काउन्सिल मधेश प्रदेश सदैव पारदर्शिता, विधिको शासन, सुशासन तथा उत्तरदायी कार्यसम्पादनप्रति प्रतिबद्ध छ।

बन्दना कुमारी झा

का.वा.अध्यक्ष

मिडिया काउन्सिल मधेश प्रदेश